मध्यपश्चिमाञ्चलको
एक मध्यकालीन बौद्ध केन्द्र

# काँक्रेविहार



-भिक्षु संघरक्षित

Downloaded from http://dhamma.digital/

सत्यसन्देश प्रचारक प्रकाशन – १२

मध्यपश्चिमाञ्चलको एक मध्यकालीन बौद्ध केन्द्र

# काँक्रेविहार



भिक्षु संघारक्षित, संघाराम

"परियत्ति सद्धम्म पालक"

सत्यसन्देश प्रचारक प्रकाशन काठमाडौं
उपहार
संचालक
भिक्षु संघरक्षित परियत्ति सद्धम्म पालक

Downloaded from http://dhamma.digital/

**प्रकाशकः**

सत्यसन्देश प्रचारक प्रकाशन, काठमाण्डौ ।

[E-mail: satyasandesh@hotmail.com]

मोनाज अफसेट प्रेस (प्रा.) लि, कुपण्डोल, ललितपुरद्वारा
सत्यसन्देश प्रचारक प्रकाशनका लागि
धर्मदानस्वरूप मुद्रित ।

**प्रथम संस्करण छपाईः १२०० प्रति ।**

| | | |
|---|---|---|
| बुद्ध सम्बत् | : | २५४५ |
| नेपाल सम्बत् | : | ११२२ |
| इस्वी सम्बत् | : | 2002 |
| बिक्रम सम्बत् | : | २०५८ |

ISBN NO.
99933-383-0-3

**आवरण फोटो : कौँक्रेविहारको भग्नावशेष सम्बन्धी ।**

**कभर डिजाइनर : श्री राजेश मानन्धर (फोन : २५४६८१) ।**

**कम्प्यूटर सेटिङ्गः**

राज श्रेष्ठ/सुरज भट्टराई/दिलिपकुमार सुनुवार
इन्द्रायणी कम्प्यूटर सेन्टर
क्षेत्रपाटी, काठमाडौं ।
फोन : २५११२८

**मुद्रकः**

मोनाज अफसेट प्रेस (प्रा.) लि.
कुपण्डोल, ललितपुर ।

Downloaded from http://dhamma.digital/

# शुभकामना

काँक्रेविहारको पहिलो भ्रमण र बुद्धपूजापछि काठमाडौं फर्केर काँक्रेविहार सम्बन्धी प्रकाशित रचनाहरू र पुस्तकहरू पढेर लेखिएको प्रस्तुत "मध्यपश्चिमाञ्चलको एक मध्यकालीन बौद्ध केन्द्र काँक्रेविहार" पुस्तिका पढ्न पाउँदा खुशी लाग्यो । भिक्षु संघरक्षितको ध्यान ऐतिहासिक तथ्यमा जानु र कला एवं वास्तुकलातिर अभिरुचि जाग्नु अध्ययन र अन्वेषणको लागि शुभ भविष्य हो ।

बुद्धकालीन "मज्झिमपदेस" र "हिमवन्तपदेस" को धर्म, संस्कृति र जनजीवनको सम्यक् रूपमा पूर्ण अध्ययनका लागि कर्णाली र यसका शाखा नदीहरू धेरै महत्त्वपूर्ण स्रोत हुन् । श्रावस्तीको मैदान, कर्णाली भेगको पर्वत र हिमवन्त क्षेत्र भइकन अनोतप्त (मानसरोवर) दह सम्मको सांस्कृतिक यात्राको गोरेटो बाटो यहीं किनारै किनारमा छ । कपिलवस्तुकी महारानी महामायादेवीले गर्भवती हुन अनोतप्त दहमा स्नानको स्वप्न देख्नु र त्रयोस्त्रिंशमा सातौं वर्षावास क्रममा बुद्ध अनोतप्त दहमा पुग्नु पालि वर्णन यसको सांस्कृतिक र लाक्षणिक उदाहरण हो ।

मध्यकालीन युगमा कर्णालीप्रदेशमा बुद्धधर्म - र बौद्धसंस्कृति लुम्बिनी, बुद्धगया र काठमाडौं उपत्यकासम्म फैलिएको छ । त्यस बेलाका चल्ल मल्ल शासकहरू अत्यन्त सवल सशक्तमात्र थिएनन् अपितु अत्यन्त प्रबल प्रवर बौद्धहरू श्रद्धावान् पनि थिए । यहाँ बाकी भएका चारैतिर फैलिएका शिलापत्र, शिलाखम्बा, अनेक बौद्ध मूर्ति, कला वास्तुकलाहरूबाट पनि यसको पुष्ट्याँई गर्दछ ।

चौधौं शताब्दीपछि हिन्दुस्तानबाट आएका बाहुनहरू यहाँ पसेपछि खस शासनहरूलाई हिन्दू वर्णाश्रम अपनाउन लगाइएको अनि मूल जनजातिका उच्च घरानालाई क्षत्रीय बनाइकन बाहुनहरूले उनीहरूलाई



Downloaded from http://dhamma.digital/

आफ्ना संरक्षक बनाइएको वर्णन डा. टोनी हागनले गर्नुभएको छ । त्यसपछि यिनीहरूले यहाँका मूल जनजाति वा रैथाने बासिन्दामा धार्मिक, सांस्कृतिक र आर्थिक शोषण शुरु गरे । वर्णभेदी, लिंगभेदी र वर्गभेदी, स्वार्थयुक्त बौद्धिक व्यायाम बौद्धत्वको उन्मूलनतिर पनि लागे । "ये धर्मा..." जस्ता बौद्ध दर्शनको सुगन्धित र शीतल छायाँ दिने रुखहरू काट्दै बौद्धहरूको सरल शान्त सांस्कृतिक वन विनाशिए । अनि बुद्धगयाका प्रतिकृतिहरू पंचदेवल मात्र हुन गए, शाक्यमुनि बुद्धको मूर्तिछेउमै त्रिशूल चढाए वा गाडे किंवा बौद्ध विहार हिन्दू मन्दिर हुन गए के आश्चर्य ?

प्रस्तुत पुस्तिकाको काँक्रे खण्डहरू "एक बौद्धविहारकै हो" भन्ने कुरा यस्तै अनेक गुनासाहरूको एक सानो तर सशक्त उदाहरण अभिव्यक्ति हो । कर्णाली भेगको इतिहास, संस्कृति र जनजीवनको पूर्ण अध्ययनका लागि बौद्ध श्रावक-श्राविकाहरू अथवा उपासक-उपासिका टोनी हागन हुन सकोस् - यही मेरो शुभ-कामना छ ।

- भिक्षु सुदर्शन महास्थविर

४ पौष २०५८

नगर मण्डप श्री कीर्तिविहार

कीर्तिपुर - १७, काठमाण्डौं ।



Downloaded from http://dhamma.digital/

# चर्चा

"मध्यपश्चिमाञ्चलको एक मध्यकालीन बौद्ध केन्द्र काँक्रेविहार" एउटा पुस्तक यात्रावर्णनको सिलसिलामा उब्जेको छ । सुर्खेतको लाटी कोइली भन्ने ठाउँको वरिपरिको एक भग्नावशेषको थुप्रो रहेको ऐतिहासिक ठाउँ काँक्रेविहार । "विहार" भनी नाउँ रहेकोले यो बौद्ध स्थल हो भन्ने बुझिन्छ । सुर्खेतमा रक्षितको लेखनी जसबाट बुद्धधर्मसंबन्धी पुरातात्त्विक संरक्षणको चासोमा अगाडि बढेर काँक्रेविहारको चर्चाको विषयलाई उभ्याएको छ ।

नेपाल धर्मसहिष्णुताको बेजोड उदाहरण भएको देश । शैव र बौद्धको संगमस्थल यहाँ शिव र बुद्धका विषयमा नक्कली व्यवहारको आवश्यकता छैन ताकि कुनै एउटा विषयको विशेषतामात्र बखान गरियोस् । भिक्षु संघरक्षितले "भग्नावशेषको उत्खननः एक चर्चा" भनी काँक्रेविहारको उत्खननमा बुद्धधर्मप्रतिको हिन्दूधर्म पक्षबाट पूर्वाग्रह पोखेको कुरा दर्शाएको छ । विहारको नाताले त्यहाँ पुरातात्त्विक उत्खनन हुनु त्यो ठाउँ बौद्ध आस्थाको केन्द्र हुनुमा गौरव पोखिएको छ भने उत्खनन कार्य पूरा नहुँदै त्यहाँ विहारको अस्तित्व नै नरहेको बताउन नहिच्किचाउने कार्यकर्ता उत्खनन्मा संलग्न भइदिएका छन् । ठूला बुद्धमूर्ति, बौद्ध कलाकृति र बुद्धधर्मसंग सम्बन्धित सामग्रीहरू त्यस ठाउँमा रहँदारहँदै बौद्धविहार नहुन सक्नुजस्तो विवादास्पद कुरा उठाई समाचारको रूपमा फैलाइएको मा एक किसिमले आश्चर्यचकित र अर्को किसिमले दुःख पनि लाग्ने भएको छ । काँक्रेविहार बौद्ध विहार नहुनु जस्तो अनुमान लगाइँदा त्यहाँ शिवसंबन्धका ध्वंशावशेष मिसाइदिएको संकेत देखिन्छ ।

अर्को कुरा त्यहाँ देवदेवी अंकित पुरातात्त्विक बस्तु पाइनुमा बौद्ध विहार हुन नसकिने कुराको अनुमान गर्नु उचित हुँदैन किनकि त्यस स्थलमा विहार निर्माण गरिंदा तिब्बती प्रभाव रहनु, काश्मीरी प्रभाव रहनु, महायान, वज्रयानका कालीगडहरू संलग्न हुनु आदि कुराको संभाव्यता उल्लेख हुनु यस पुस्तकभित्रका ज्यादै सामयिक कुरा भएको देखिन्छ । निर्माणकार्यमा यस्ता विविध प्रभाव कपिलवस्तु र देवदहमा पनि परेको बताइएको छ । लुम्बिनीमा रहेको मायादेवीमूर्तिमा पर्यन्त उसबेला लुम्बिनी माई भनी पूजा गरी त्यहाँ पशुबलि दिइने गरेको उदाहरण यहाँ स्मरण गराइएको छ । काँक्रेविहारको उत्खनन हुनु खुशीको कुरा भएको छ भने त्यस उत्खननभन्दा त्यहाँको उत्खननबाट प्राप्त बस्तुको राम्रो पहिचान गरिनु अझ ठूलो कुरा हुन आउँछ । बुद्धविहार रहिसकेपछि त्यहाँ अन्य मूर्तिहरू राखी पूजा गरिनु पनि संभावना रहने कुरा ज्यादै मननीय किसिमले बताइएको छ ।

भ्रमणको अवसरमा त्यस विहारको परिसरमा छरिएका भग्नावशेष, बौद्ध कला कौशल, बुद्धका आकृतिहरू र उन्नत बौद्ध वास्तुकला त्यहाँ देखेको बताइनुले काँक्रेविहार बौद्ध विहार नै हुनुमा जोडदिइएको छ । लेखक एक भिक्षु हुँदा विहारप्रतिको श्रद्धा पोख्नु स्वाभाविक कुरा हुन्छ किन्तु त्यहाँबाट फर्किदाको बिछोडको घडीले उनमा विरह नै पैदा गराएको कुराले भिक्षु संघरक्षितको बुद्धधर्म र त्यहाँको भग्नावशेषको



Downloaded from http://dhamma.digital/

अवस्थाप्रति संवेदनशीलता प्रष्टिएको छ। पुस्तकको उपसंहारमा ठोकेर भनिएको छ कि बौद्ध धर्मानुयायी परमसौगत राजा क्रा चल्लले निर्माण गरेको एउटा ठूलो बौद्ध देवल बोधगयाको एक प्रतिकृति नै रहेर काँक्रेविहार जीवन्त रहेको छ।

यो पुस्तक मध्यपश्चिमाञ्चलको एक मध्यकालीन बौद्ध केन्द्र काँक्रेविहारविषयमा केन्द्रित छ जसले कर्णाली अञ्चललाई नै समेटेको छ। "सुर्खेत" सुरक्षेत्र शब्दको अपभ्रंश हो भनी बताएर काँक्रेविहार रहेको नगर अनि त्यस नगरको नै विशेषता देखाएको छ यस पुस्तकले। यसमा त्यहाँको भौगोलिक र सामाजिक विवरण दिएको छ जसले गर्दा यो पुस्तक नै सामाजिक अध्ययनको विषय झैं बनेको छ। यहाँ भग्नावशेषको महत्त्व संझाइएको छ। उसबेलाका खस मल्लराजाहरू बौद्ध रहेका कुरा उल्लेख गर्दै तिनीहरूको वंशवर्णन समेत गरी त्यसलाई ऐतिहासिक साक्ष्यको रुपमा प्रस्तुत गर्न सफल भएको छ।

राजा क्रा चल्लले निर्माण गरेको विहार हुँदा यसलाई काँक्रेविहार भनिएको हो भनी शब्दको अपभ्रंश हुन गएको र त्यो स्थल मन्दिर नभई विहार नै हो भनी देखाइएको कुरा अस्वाभाविक देखिँदैन। क्रा चल्ल बौद्ध नै हो बुद्धधर्मको आदर्शमा आस्था राख्ने व्यक्ति हो भन्ने कुरालाई प्रमाण प्रस्तुत गरी संबन्धित प्राप्त अभिलेखमा क्रा चल्ललाई "परमसौगत" तथा "दानशीलपरायण" जस्ता बौद्ध वाङ्मयहरूमा अति प्रचलित "सौगत", "दानशील" आदि शब्दहरूद्वारा विभूषित गरिएको कुरा उल्लेख हुनुले काठमाण्डौ उपत्यकाबाहिर अनि नेपालका खस जातिपर्यन्त बौद्धजन रहेको र बौद्ध स्थल रहेको प्रस्तुतिले नेपाल करुणामय बौद्ध भूमि हो भन्नुमा पुट दिएको छ। लेखकले अन्वेषणशीलतालाई अगाडि सारेर कर्णालीप्रदेशका अशोक चल्लसंबन्धी अभिलेखमा उनलाई "खसदेशराजाधिराज" भनिएको र गोपालवंशावलीमा यस्ता कुरा उल्लेख भएको छ भनी बताइदिएको छ। चल्ल राजाहरूका लागि प्रयोग गरिएका गुण वर्णन गरिएका शब्दहरू "प्रवरमहायानयायिनः", "हेवज्रपादपद्मपरिचर्यापरायणः", "श्रीघरानाधानाधिगतप्राज्यपादपद्मरक्षाक्षमः" जस्ता शब्दहरू यहाँ उल्लेख्यरुपमा प्रस्तुत गरिएको छ। महायान- बुद्धधर्मको एउटा निकाय, हेवज्र- महायाननिकायअन्तर्गतका अति श्रद्धेय देवता र श्रीघन- स्वयं शाक्यमुनि तथागतलाई जनाउने कुराहरू उल्लेख गरिएबाट त्यसबेलाका त्यहाँका राज्यका सामन्त, भारदार, राजगुरुसहित जनताहरू बुद्धधर्मानुयायी थिए भन्ने स्पष्ट देखाइएको छ। शकसंवत् ११४५ को बालेश्वर मन्दिरमा प्राप्त राजा क्रा चल्लको अभिलेखअनुसार राजा नागराजले खडा गरेको त्यहाँको राज्यलाई क्रा चल्लले मजबूत बनाएको प्रमाणसहितका कुराहरू बताउने लेखक भिक्षु संघरक्षितको पाठकलाई बुझाउने तरिका सरल, सरस एवं भावपूर्ण छ।

कर्णालीप्रदेश खस नेपालीभाषाको उद्गमस्थल अथवा प्राचीनता रहेको ठाउँ हो। त्यहाँको जातिमा खसजातिको बाहुल्य छ। खसजातिका मूल भन्नाले आजका ब्राह्मण क्षेत्रीलाई लिइन्छ। यी ब्राह्मण क्षेत्री पूर्णरूपेण हिन्दूधर्मावलम्बीमा गनिन्छ। खसजातिको निवासक्षेत्र कर्णालीप्रदेशमा लिच्छवीकालमै बुद्धधर्मको जरो गाडेको



Downloaded from http://dhamma.digital/

कुराले नेपाली इतिहासमा बुद्धधर्मको पहिचानमा प्राचीनता जनाएर लिच्छवीकालको पछिल्लो लिपिमा शिलापत्रमा कुँदिएको बुद्धधर्म हेतुवाद हुनुमा प्रमाणित श्लोक "ये धर्मा हेतुप्रभवा, हेतुस्तेसां तथागतो त्यवदत् । तेसां च यो निरोध एवं वादी महाश्रमण:" माटाका साना चैत्यहरू पाइएको प्रमाण प्रस्तुत गरी देखाइएको छ । बुद्धधर्मको फैलावट रही दरिलो आश्रयस्थल रहेको भनी जनाइएको कर्णालीप्रदेश आधुनिक कालमा नेपाल अधिराज्यलाई १४ अञ्चल र पचहत्तर जिल्लामा विभाजन गरिंदाको क्षेत्रहरूमध्ये क्षेत्रफलको हिसाबमा सबभन्दा ठूलो र जनघनत्व कम भएको अञ्चल भएको यसको गौरव यस पुस्तकको विशेषतामध्येको भएको छ । आफूलाई स्वयंले बौद्ध राजा भनी घोषणा गरेर ताम्रपत्र नै राखिदिएका राजा क्रा चल्लले त्यसबेला सिञ्जाको दुल्लूदेखि भारतको बोधगयासम्म यात्रा गर्न सजिलो नभएको बेला बुद्धले बुद्धत्व प्राप्त गरेको बोधगयामा भ्रमण गरी बोधगयामा रहेको प्रतिकृतिलाई अपनाएर आफ्नो राज्यमा काँक्रेविहार निमार्ण गरेको श्रद्धापूर्ण साहसिक कार्यको विवरण दिइएकोले काँक्रेविहार बुद्धविहार नै हुनुपर्ने कुरालाई आजका काँक्रेविहारको उत्खनन गरी त्यहाँको तथ्य पत्तालगाउन र पुनर्निर्माण गर्न तत्पर महानुभावहरूको लागि निर्णयार्थ पूर्वाग्रह छोड्न यसले सुमति दिनेछ भन्ने आशा लिन सकिने भएको छ । कर्णालीक्षेत्रभित्रको अछाम, कालिकोट, दैलेख र बेलासुर आदि क्षेत्रमा शिखरशैलीका बौद्ध देवल र स्मारकहरू देखापरेको ले यस राज्य नै बौद्ध राज्य र खस राजा नै बौद्ध राजा थिए भन्ने देखाउनमा अरू टेवा प्रस्तुत गरिएको छ । भूमिदान आदिको दानपत्र लेखाइन्थे तापनि साक्षी भने बुद्ध, धर्म र संघ भनी उल्लेख गराइने गरेको बाट बुद्धधर्मप्रति त्यसबेला अनास्था गर्ने कोही पनि थिएनन् होला भन्ने देखाउन पनि समर्थ भएको छ ।

त्यसबेलाका त्यहाँका सबै राजाहरू बुद्धधर्मकै पद धारण गरेर रहेका देखिनु र राजा रिपु मल्लले त बुद्धजन्मभूमि लुम्बिनीमा भ्रमण गरी त्यहाँ रहेको अशोकचैत्यमा नै आफ्नो नाम कोरिदिएको पाइनु उसबेलादेखि नै विशाल नेपालको भू-भाग बौद्ध प्रभाव रहेको देखिन आएको झल्को मात्र होइन पुष्टि भैं नै गरी विवरण दिइएको छ । यसरी काँक्रेविहारको विशेषतालाई दर्शाएर प्रस्तुत गरिएको यस पुस्तकमा काँक्रेविहारका संस्थापकवंशका प्रत्येक राजाको ऐतिहासिक वर्णनले इतिहासका बिद्यार्थीलाई यसले ठूलो सघाउ पुऱ्याउनेछ । प्रमाणिक फोटोसमेत खोजीनीति गरी प्रकाशित गरिनु यस पुस्तकको अर्को विशेषता हुन आएको छ । भिक्षु संघरक्षितको बौद्ध इतिहासको चासोमा नेपाली गौरवको बखान गर्ने अभिलाषा यस पुस्तकले प्रष्ट पारेको छ । बुद्धधर्म र इतिहासमा नेपाली गौरव कायम राख्न यस्तै काँक्रेविहार जस्तै उपेच्छित भई गुज्रिरहेका कुराहरूमा भिक्षु संघरक्षितका कलम अरू अगाडि बढ्दै जानेछ भन्ने आशा लिन सकिन्छ ।

– प्रा. सुवर्ण शाक्य

ॐ बहाल, काठमाण्डौ ।

२०५८ पौष पूर्णिमा ।



Downloaded from http://dhamma.digital/

## प्रकाशकीय

# धर्मदानमा हाम्रो सम्मत

भिक्षु संघरक्षितद्वारा लिखित "मध्यपश्चिमाञ्चलको एक मध्यकालीन बौद्ध केन्द्र काँक्रेविहार" नामक खोजपूर्ण पुस्तकको मुद्रण गरी धर्मदान गर्न पाउँदा हामीलाई हर्ष लागेको छ।

नेपालमा बुद्धधर्मसम्बन्धी अध्ययन, अन्वेषण गर्नेहरूका लागि यस पुस्तकले केही सहयोग प्रदान गर्नुका साथै बुद्धधर्मसम्बन्धी पुस्तकहरूको संख्यामा पनि थप बृद्धि हुनु बुद्धधर्मका अनुयायीहरूको लागि गर्वको कुरा हो।

बुद्धधर्मलाई विभिन्न विश्लेषक व्याख्याकारहरूले आ-आफ्नै प्रकारले व्याख्या गरे होलान् तर मानवतालाई बिर्सेर सायद कसैले पनि व्याख्या गरेनन् होला। त्यसैले, मानवतालाई बिर्सेर कसैले धर्मको व्याख्या गर्छ भने त्यस धर्मका गुरुलाई धर्मका ठेकेदार मात्र हामी भन्न सक्छौं।

हाल विश्वमा देखापरेका हिंसा र व्यक्ति चरित्रलाई सूक्ष्म अध्ययन गर्ने हो भने धर्ममा कठीत ठेकेदारहरूद्वारा मानवलाई पशु बनाउने धर्मदेशना दिंदै हिडिंरहेका पनि हामी पाउँछौं। त्यसकारण सम्पूर्ण विश्वलाई आजको आवश्यकता हो - "शान्ति"। हामी सबै विश्वमा शान्ति कायम होस् भन्ने मंगलमय कामना गरौं। विश्वमा पुनः शान्ति कायम रहोस्। अस्तु।

-मोनाज अफसेट प्रेस (प्रा.) लि. को तर्फबाट
पुष्प मानन्धर
ईश्वर मानन्धर
बद्री मानन्धर
तथा सकल परिवार



Downloaded from http://dhamma.digital/

# आफ्नो दुई शब्द

मध्यकालीन ऐतिहासिक बौद्ध केन्द्र काँक्रेविहार नेपालको मध्यपश्चिमाञ्चलस्थित सुर्खेत वीरेन्द्रनगरमा रहेको छ । नगरको दक्षिणतर्फ उपत्यकाको बीचमा रहेको अग्लो डाँडा हालको लाटीकोइली गा.वि.स. वडा नं. ८ मा पर्ने काँक्रेविहार हाल भग्नावशेषको रूपमा रहेतापनि यिनमा बौद्ध वास्तुकला र उन्नत कलाकृतिहरूका साथ बुद्धका आकृतिहरू पनि छरिपुष्ट देखिन्छन् । गौतम बुद्धले बोधिज्ञान प्राप्त गर्नुभएको बोधगया क्षेत्रमा निर्मित अनुपम बौद्ध स्मारकको प्रतिकृतिका रूपमा काँक्रेविहारको निर्माण भएको देखिन्छ । यथार्थतः ऐतिहासिक महत्त्व समेटेको पुरातात्त्विक एवं विशाल भग्नावशेष काँक्रेविहार मात्र सुर्खेतको धरोहर र सुनौलो भविष्य नभएर नेपालकै गौरव र सम्पदा हुनुमा आश्चर्य नहोला ।

काँक्रेविहार रहेका नगर सुर्खेतमा हामी वि.सं. २०५६ कार्तिकमा बौद्ध जागरण शिविरको उद्देश्यसँगै पुगेका थियौं । सफल बौद्ध जागरण सम्पन्नका साथ हाम्रो टोली सुर्खेत वरपरका क्षेत्रहरू भ्रमण गर्ने सन्दर्भमा ऐतिहासिक पवित्र "काँक्रेविहार" को भग्नावशेषमा पुगी दर्शन, पूजन एवं अवलोकन पनि गरेका थियौं । तत्कालीन यात्रा संस्मरण एवं अनुभूति संगालेर कलम चलाएं- "काँक्रेविहार रहेका नगर-सुर्खेत", जुन रचना वि.सं. २०५६ को "धर्मोदय" अर्धवार्षिक पत्रिकामा फोटोहरूसहित प्रकाशित भयो ।

वि.सं. २०५७ को अन्तरार्धमा ऐतिहासिक "काँक्रेविहार"को भग्नावशेष उत्खनन हुनथाल्यो, जुन सुखद एवं गर्वको विषय थियो । तर पूर्वाग्रही उत्खननकर्ताहरूबाट यथार्थविपरीत धारणा उत्खननकार्य थाल्नुअघिनै सार्वजनिक गरिंदा मर्माहत भएर समूचा बौद्धहरूको प्रतिनिधित्वका रूपमा श्रद्धेय भिक्षु सुदर्शन महास्थविरले सही दिशानिर्देशका निम्ति प्रेस विज्ञप्ति गर्नुभयो । पछि आएर उहाँले काँक्रेविहार भ्रमणको मेरो रचना हेर्नु भएर यस विषयमा कलम चलाउन मलाई उत्प्रेरित गर्नुभयो । उहाँकै निर्देशन पाएर उहाँबाट उपलब्ध गराउनुभएका रचना एवं कृतिहरूको अध्ययन मनन एवं यात्रा संस्मरणमा पुनः एउटा रचना तयार गरें- "बौद्धहरूको आस्थाको केन्द्र काँक्रेविहार भग्नावशेष मात्र", जुनलाई विशेष प्राथमिकता दिएर "नेपाल समाचारपत्र" दैनिकले फोटोहरूसहित तुरुन्त प्रकाशित गरिदिए ।

"काँक्रेविहार" लाई लिएर विभिन्न विद्वान व्यक्तिहरूबाट रचनाहरू एवं पत्रपत्रिकामा समाचारहरू प्रकाशन भइरहे, जुनलाई क्रमशः मैले संकलन गर्दैलगें । यस विषयको रचनाकै सन्दर्भमा सुर्खेतका स्थानीय श्री बसन्त थापा (नेपाल मगर संघ, सुर्खेतका उपाध्यक्ष) मलाई भेट्न संघाराम विहारमा आउनुभयो । उहाँसँगको भेटवार्ता र केही थप फोटोहरू पनि प्राप्ति भएपश्चात् मनमा एउटा इच्छा पलायो- काँक्रेविहार सम्बन्धी एउटा पुस्तक तयार गर्ने । तत्पश्चात्, उक्त इच्छालाई साकार तुल्याउन थप ग्रन्थहरूसँगै पुरानो रचना र संकलनहरूको जोडदार अध्ययनबाट कलम चलाउँदै गएं । एउटा नौलो क्षेत्रमा कलम चलाउन श्रद्धेय भिक्षु सुदर्शन महास्थविरले ठूलो योगदान एवं निर्देशन गर्नुभएको छ, साथमा त्रुटिहरूलाई सच्याउनु भई कृतिका लागि "शुभकामना" पनि दिनुभएको छ, उहाँप्रति हार्दिक कृतज्ञता एवं सुस्वास्थ्यको कामना गर्दछु ।

व्याकरण त्रुटिलाई सच्याएर "चर्चा" समेत कृतिका लागि कोरिदिनुहुने प्रा. श्री सुवर्ण शाक्य प्रति पनि साधुवाद एवं सर्वदा सत्कार्यमा जोश-जांगर चलोस् भन्ने आशिका गर्दछु । यसबाहेक पनि, ओवादोपदेश एवं आवश्यक सल्लाह-सहयोग गरिदिनुहुने श्रद्धेय गुरूवर भिक्षु अश्वघोष महास्थविर, श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर, भिक्षु धर्ममूर्ति एम.ए., भिक्षु आनन्द एम.ए., भिक्षु सद्धातिस्स बि.ए., भिक्षु कोलित एम.ए., भिक्षु अश्वकीर्ति त्रि.बि.बि., भिक्षु शोभन लगायत कभर डिजाइनर श्री राजेश मानन्धर, प्रत्यक्ष-अप्रत्यक्ष कृति प्रकाशनमा मद्दत गर्ने सबैमा हार्दिक कृतज्ञता, साधुवाद एवं जयमंगलको कामना गर्दछु ।

सत्यसन्देश प्रचारक प्रकाशन, काठमाडौंको १२ औं कृतिका रूपमा प्रकाशित प्रस्तुत "मध्यपश्चिमाञ्चलको एक मध्यकालीन बौद्ध केन्द्र काँक्रेविहार" पुस्तक प्रकाशनार्थ आ-आफ्नो क्षेत्रबाट होष्टेमा हौँसे गर्नुहुने अ. निक्खमी, मंगललक्ष्मी तुलाधर, धर्महीरा ताम्राकार, दुर्गादेवी भुईखेल, सत्यराजा मानन्धर, तिर्थबहादुर, चन्द्रबहादुर मानन्धर, जगतमाया मानन्धर लगायत सबैमा धेरै धेरै साधुवाद ! विशेषतः आफ्नै प्रेस "मोनाज अफसेट प्रेस (प्रा.) लि., कुपण्डोलमा छापिदिएर धर्मदान गर्नुहुने श्रद्धालु उपासकहरू श्री पुष्प मानन्धर, श्री ईश्वर मानन्धर, श्री बद्री मानन्धर तथा सम्पूर्ण परिवारको उन्नति, प्रगति तथा सुखी, निरोगी एवं जयमंगलको कामना गर्दछु ।

सब्बेसत्ता भवन्तु सुखितत्ता !

1st Jan, 2002 (पौष १७, २०५८) — भिक्षु संघरक्षित, संघाराम
संघाराम विहार, ढल्को काठमाडौं । स्नातक तेश्रो बर्ष, पिपल्स क्याम्पस ।



Downloaded from http://dhamma.digital/

# विषयसूचि


| क्र. सं. | विषयबस्तु | पृष्ठसंख्या |
|---|---|---|

१. शुभकामना....................................................३

२. चर्चा..........................................................५

३. प्रकाशकीय....................................................८

४. आफ्नो दुई शब्द ............................................९


## मध्यपश्चिमाञ्चलको एक मध्यकालीन बौद्ध केन्द्र

# काँक्रेविहार


१. प्रस्तावना....................................................१३

२. काँक्रेविहार रहेको नगर: सुर्खेत..................................१४

३. स्व. श्री ५ वीरेन्द्रद्वारा "काँक्रेविहार" को अवलोकन..................१६

४. ऐतिहासिक बौद्ध स्तूपको भग्नावशेष: "काँक्रेविहार"..................१७

५. "काँक्रेविहार" को विग्रहरूप............................................१८

६. "काँक्रेविहार" निर्माता राजा क्राचल्ल र बौद्ध राज्यधर्म.............१८

७. बुद्धधर्मको प्रमुख आश्रयस्थान: कर्णालीप्रदेश............................२०

८. राजा क्राचल्लको शासनकाल: बुद्धधर्मको मुख्य विकास युग.........२२

९. बुद्धगयाको प्रतिकृति बौद्धस्मारक "काँक्रेविहार"..........................२३

१०. "काँक्रेविहार" बुद्धगयाको प्रतिकृति बौद्धस्मारक नै हो..............२५

११. खसराज्य र राजाहरू: संक्षिप्त अध्ययन..................................२६


Downloaded from http://dhamma.digital/

| क्र. सं. | विषयबस्तु | पृष्ठसंख्या |
|---|---|---|
| १२. | राजा नागराज | २६ |
| १३. | राजा क्राचल्ल | २७ |
| १४. | राजा अशोकचल्ल | २७ |
| १५. | राजा जितारि मल्ल | २८ |
| १६. | राजा रिपु मल्ल | २८ |
| १७. | राजा आदित्य मल्ल | २९ |
| १८. | राजा प्रताप मल्ल | २९ |
| १९. | राजा पुण्य मल्ल | २९ |
| २०. | राजा पृथ्वी मल्ल | ३० |
| २१. | अन्तिम खसराजा र राज्यको विखण्डन | ३१ |
| २२. | खसराज्यसँगै विस्थापित कर्णालीप्रदेशको बुद्धधर्म | ३१ |
| २३. | "काँक्रेविहार" भग्नावशेषमा परिणत | ३२ |
| २४. | भग्नावशेषको उत्खननः एक चर्चा | ३३ |
| २५. | ऐतिहासिक बौद्धस्मारक "काँक्रेविहार"मा हाम्रो भ्रमण | ३५ |
| २६. | "काँक्रेविहार"मा हाम्रो बुद्ध-पूजा | ३६ |
| २७. | उपसंहार | ३७ |
| २८. | सन्दर्भ सामग्रीका स्रोतहरू<br>(आधार स्रोत, मूल आधार स्रोत,व्यक्तिविशेषबाट अन्तवार्ता श्रोत) | ३८ |

Downloaded from http://dhamma.digital/

# मध्यपश्चिमाञ्चलको एक मध्यकालीन बौद्ध केन्द्र काँक्रेविहार



ऐतिहासिक एवं पुरातात्त्विक काँक्रेविहारको विशाल भग्नावशेष

## प्रस्तावना

गतिशील जीवनमा दूर-सुदूर यात्रा गर्नमा इच्छुक हुनु पनि स्वाभाविक छ । अझ विशेषतः देशका सुगम एवं दुर्गम क्षेत्रहरूमा यात्रा गर्न पल्केको म, यात्रालाई एककिसिमले जीवनको अभिन्न पक्षको रूपमा नै प्रतिस्थापित गरिबसेको छु । जीवनका तीता र मीठा, सुख र दुःखका आरोह-अवरोह एवं उकालो-ओरालो यात्रामा विविध अनुभव र अनुभूतिहरू सँगालेर जीवनको यसै यात्रामा नै सन्तुष्ट र आनन्दको केन्द्रबिन्दु मानेर बसें, खुशी र मनोरञ्जनको मूल थलो सम्झेर बसें । भन्नुपर्दा, यात्रा-भ्रमण मेरो जीवनको मूलतः मुटु हो, ढुकढुकी हो एवं महान् उपलब्धि हो ।

यसै-यस्तै यात्राको प्रवाहमा "बौद्ध जागरण शिविर" (कार्तिक ११, १२, १३/२०५६) कार्यक्रम सम्पन्न गर्न "युवा बौद्ध समूह, काठमाण्डौ" को साथमा **मध्यपश्चिमाञ्चल** विकासक्षेत्र (राप्ती, कर्णाली, भेरी) को केन्द्र सुर्खेत



Downloaded from http://dhamma.digital/

(४२,३७८ व.कि.) मा पुगें । नेपालकै सुन्दर र प्रदूषणरहित सुर्खेत नगर स्वयं श्री ५ वीरेन्द्रको नाउँबाट वीरेन्द्रनगरको रूपमा चिनिन्छ । यसै नगरमा आयोजित बौद्ध जागरण शिविर ११४ जनाभन्दा बढी मगर समुदायका माझमा सफलताका साथ सम्पन्न भयो ।

यस तीनदिने शिविरमा बुद्ध-जीवनी, बुद्धधर्म, बौद्धदर्शन तथा विकास सम्बन्धी रोचक एवं शिक्षाप्रद किसिमले प्रशिक्षकहरूद्वारा प्रशिक्षण दिइयो । प्रमुख प्रशिक्षकहरूमा यस पंक्तिका लेखक, डा. केशवमान शाक्य, शान्तरत्न शाक्य (अध्यक्ष: युवा बौद्ध समूह र ज्ञानमाला भजन खल:), त्रिरत्न मानन्धर 'कोविद', शाक्य सुरेन, सुश्री सुदर्शना दर्शनधारी, सुश्री अणुबाबा तुलाधर, जीवनकुमार शाक्य (सुर्खेत), रामबहादुर थापा मगर (सुर्खेत) आदि थिए । उक्त प्रशिक्षण शिविर विशेष उपलब्धिमूलक भएको एवं आ-आफ्नो चेतनामा केही सुदृढ नवीन परिवर्तन ल्याउने दिगो निक्यौंलमा पुग्ने कुरा शिविरमा उपस्थित प्रशिक्षार्थीहरू सहर्ष अभिव्यक्त गर्दछन् । यसै शिविरसँगै सुर्खेत नगरको नजिकिएर भ्रमण गर्न पाइयो, ऐतिहासिक एक बौद्ध केन्द्रका रूपमा प्रतिस्थापित काँक्रे विहारको भग्नावशेष पनि दृश्यावलोकन गरियो । यस यात्रामा युवा बौद्ध समूहका व्यक्तिहरूसँग आत्मीयता बढ्नु, सफल बौद्ध जागरण शिविर सम्पन्न हुनु, सुर्खेत नगरीसँगै ऐतिहासिक काँक्रे विहारको भग्नावशेष अवलोकन गर्न पाउनु नै मेरो महान् उपलब्धिका रूपमा कायम रह्यो ।


ऐतिहासिक काँक्रेविहारको निरिक्षणमा हाम्रो टोली

## "काँक्रेविहार" रहेको नगर : सुर्खेत

जनश्रुतिअनुसार, पूर्वसमयमा "कालापानी" नामले पनि चिनिने सुन्दर सुव्यवस्थित त्यस सुर्खेत उपत्यकामा औलोको बिगबिगीले मान्छेको बस्तीरहित थियो । अत्यासलाग्दो झारले भरिएको यस क्षेत्र घाम डुब्नु



Downloaded from http://dhamma.digital/

अघि नै छाडेर मानिसहरू वरपरका पहाडहरूमा अवस्थित आ-आफ्ना कुटीहरूमा पुग्न बाध्य थिए । यस्तो जटिल परिस्थितिमा पनि थारू समुदायको संघर्षले यस क्षेत्रमा उनीहरूको बसोबासको क्रम प्रारम्भ भयो । कालान्तरमा 'दानबहादुर शाक्य' नामक व्यक्तिले अलग्गै एउटा बस्ती बसाली 'वीरेन्द्रनगर' नामकरण गरेका थिए । त्यस्तै, यो सुर्खेत उपत्यका स्व. श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारद्वारा आफ्नै परिकल्पना तथा सक्रियतामा सुनियोजित नगरयोजनाको रूपमा विकास गरिबक्सेको थियो । यस क्षेत्रमा ब्राह्मण, क्षेत्रीहरूको बाहुल्यता छ भने गौणरूपमा अन्य जनजाति तथा नेवारसमुदायको बसोबास रहेको छ । जनताहरू प्रायः कृषिपेशामा नै संलग्न देखिन्छन् ।


सुर्खेतको मनोरम बुलबुल तालमा लेखक

विभिन्न साँस्कृतिक चाडपर्व मनाउने क्रममा यस क्षेत्रमा महाकारुणिक भगवान् बुद्धको जन्म, बुद्धत्वप्राप्ति र महापरिनिर्वाणको त्रिसंयोगरूपी वैशाखपूर्णिमा-बुद्धपूर्णिमाको उत्सव हर्षोल्लास एवं धूमधामका



Downloaded from http://dhamma.digital/

साथ मनाउँछन् । यही बुद्धपूर्णिमा मनाउने सिलसिलामा पोखरानिवासी श्रद्धेय भिक्षु श्रद्धानन्दको प्रवेश भइसकेको यस नगरीमा संभवतः दोस्रो भिक्षुको रूपमा मेरो पनि प्रवेश भएको कुरा प्रकट गर्दै स्थानीय बासिन्दाहरू भिक्षुरूपदेखि गद्गद् देखिन्थे ।

अग्ला-होचा महाभारत र सम्बन्धित पर्वतश्रेणीहरू रहेको पहाडी प्रदेशअन्तर्गत पर्ने यो सुर्खेत नगरी हावापानीको आधारमा "उष्णप्रदेश" (समुद्रसतहदेखि करीब ४,००० फिटसम्मको उचाइमा पर्ने) भागमा पर्दछ । नेपालको कूल जनसंख्याको १३ प्रतिशत लगभग जनसंख्याको बसोबास रहेको मध्यपश्चिमाञ्चल विकासक्षेत्रको केन्द्रको रूपमा निर्धारित यस सुर्खेत नगरलाई चारैतिरबाट जाजरकोट, दैलेख, अछाम, डोटी, कैलाली, बर्दिया, बाँके, सल्यान आदि जिल्लाहरूले घेरेका छन् । कर्णाली नदी प्रणालीका प्रमुख नदीहरूमध्ये भारतसम्म छुने भेरी नदीको आधारमा "भेरी अञ्चल" को नामकरण गरिएको अञ्चलअन्तर्गतकै एक नगर 'सुर्खेत' नेपालकै सुन्दर, मनोरम र सुव्यवस्थित देखिन्छ । यस नगरको बाटो छेउछाउ एवं कुनाकाप्चासम्म हरियाली वृक्षहरूले अति नै शोभायमान रहेको छ । यस क्षेत्रमा ५-६ वटा माध्यमिक स्तरका स्कूलहरू, असंख्य मात्राका प्राथमिक विद्यालयहरू र प्राइभेट (निजी) स्कूलहरू रहेका छन् । लोकप्रसिद्ध बुलबुल ताल, देउती बज्यैको मन्दिर, सुनियोजित सडकमार्ग, ठूल्ठूला चौर-मैदानहरू जस्ता रोचकता एवं महत्त्वले सिँगारिएका यस सुर्खेत क्षेत्रका प्रमुख आकर्षण एवं दर्शनीय स्थलमध्ये ऐतिहासिक महत्त्व झल्काउने काँक्रे विहारको भग्नावशेष पनि एउटा महत्त्वपूर्ण स्थल हो । यो 'काँक्रे विहार' को उपस्थितिले यस क्षेत्रको महत्त्व र गौरवगान अझ उच्चस्तरमा पुऱ्याएको कुरालाई कदापि नकार्न सकिन्न ।

## स्व. श्री ५ वीरेन्द्रद्वारा "काँक्रेविहार" को अवलोकन

वि.सं. २०२९ पौष २३ गते स्व. श्री ५ वीरेन्द्र तथा स्व. श्री ५ ऐश्वर्यबाट स्वदेशको बस्तुस्थिति अध्ययन गरिबक्सने क्रममा सुर्खेतको यसै प्राचीन बौद्ध विहार काँक्रेविहारको भग्नावशेषको नजर गरिबक्स्यो । यो समाचार सचित्र प्रकाशनमा आउनासाथ नेपाली बौद्ध संस्कृतिको अन्वेषणार्थ एक नयाँ दिशा प्रदान गरिएको थियो । तत्पश्चात् यस क्षेत्रको अन्वेषण एवं



Downloaded from http://dhamma.digital/

अनुसन्धानबाट विभिन्न नयाँ कुराहरू पनि अन्वेषणकर्ताहरूद्वारा प्रकाशनमा ल्याइएको थियो ।

## ऐतिहासिक बौद्ध स्तूपको भग्नावशेष : "काँक्रेविहार"

सुर्खेत नगरीको यात्रा-भ्रमण क्रममा हाम्रो टोली विभिन्न महत्त्वपूर्ण बुलबुल ताल, सुर्खेतको घण्टाघर आदि जस्ता स्थलहरू एवं प्रायः सम्पूर्ण नगर घुम्यौं । यसै परिक्रमा गर्ने सिलसिलामा सुर्खेत नगरको दक्षिणतर्फ लाटीकोइली गा.वि.स.-८ को अग्लो डाँडामा अवस्थित ऐतिहासिक पवित्र एउटा स्तूपको विशाल भग्नावशेष रहेको स्थलमा पनि पुगें, जुन सुर्खेत बजारभन्दा लगभग ३ किलोमिटरको दूरीमा थियो । यत्रतत्र छरिएर रहेका ती भग्नावशेषहरू राम्ररी नियालेर हेर्दा तिनमा बौद्ध वास्तुकला र उन्नत बौद्ध कलाकृतिका साथ बुद्धका मूर्तिहरू पनि थुप्रै स्पष्ट देखिन्थे ।


ऐतिहासिक काँक्रेविहारको भग्नावशेष क्षेत्र चढ्ने सिंढी

यस क्षेत्रको ऐतिहासिक अध्ययन धनवज्र वज्राचार्य, योगी नरहरिनाथ, डा. सूर्यमणि अधिकारी लगायतका इतिहासकार एवं पुरातत्त्वविद् विद्वान्हरूले गरेका छन् । उहाँहरूले आफ्नो खोज र अनुसन्धानको क्रममा पाउनु भएको वंशावली, शिलापत्र, ताम्रपत्र आदि अभिलेखहरूले तत्कालीन धार्मिक, सामाजिक, राजनैतिक जस्ता स्थितिको चित्रण प्रस्तुत गरेका छन् । हालै गरिएको उत्खनन्बाट फेलापरेका ठूल्ठूला मूर्तिहरूमा पुरानो मौलिक र महत्त्वपूर्ण बुद्धमूर्ति, सिंहशार्दूलका मूर्ति, ठूला हात्ती, ढुंगाका स्तम्भ (पिलर) आदि बौद्ध वास्तुकला, कलाकृतिहरू एवं



Downloaded from http://dhamma.digital/

भगवान् बुद्धका प्रतिमाहरू हुन् । यी महत्त्वपूर्ण कलाकृति एवं मूर्तिहरू सबै बुद्धधर्मसँग सम्बन्धित छन् । मध्यपश्चिमाञ्चल क्षेत्रको एक समयमा बौद्ध केन्द्रको रूपमा यो काँक्रेविहार ज्वाजल्यमान थियो । उपर्युक्त काँक्रेविहारको सन्दर्भमा प्राचीन कालमा लुम्बिनीबाट पश्चिमतिर हेर्दा, काठमाण्डौ-उपत्यकाबाट स्पष्टतः सुन्दररूपमा स्वयम्भू महाचैत्य दृष्टिगत हुने जस्तै, कलात्मक काँक्रेविहार देखिने जनश्रुति प्रसिद्ध छ ।

## "काँक्रेविहार" को विग्रहरूप

'क्रा' (क्राचल्ल) नामक राजाले बनाएको बौद्ध स्मारक भएको हुँदा सायद यसको नाम 'क्राकेविहार', 'काँक्रेविहार' अथवा 'काँक्रीविहार' रहन गएको हुनसकिन्छ । 'क्रा' भनेको संज्ञावाचक अक्षर (चल्ल =जात, थर) र 'क्रे' भनेको आजकाल प्रचलित नेपालीभाषाको षष्ठी विभक्ति 'को' प्रत्ययको प्राचीन स्थानीय पूर्वरूप हुनुमा कुनै आश्चर्य छैन । विहार भनेको त भगवान् बुद्धका शुद्ध अनुयायी भिक्षुहरूको निवासस्थल वा बौद्ध स्मारक क्षेत्र भइहाल्यो । यसबाट स्पष्ट झल्किन्छ, जसरी बुद्धकालीन समयमा अनाथपिण्डिक महाजनले ५४ करोड खर्चको लागतमा बनाएको विहारलाई "अनाथपिण्डिक-आराम" ('जेतवनविहार' को नामले पनि प्रसिद्ध छ) को नामले चिनिन्छ, ठीक त्यसरी नै राजा क्राचल्लले निर्माण गराएको बौद्ध स्मारक विहार भएकै हुनाले यसको नाम "काँक्रेविहार" रहन गएको हो भन्न सकिन्छ ।


ऐतिहासिक काँक्रेविहारको भग्नावशेषमध्येका बुद्धआकृति


## "काँक्रेविहार" निर्माता राजा क्राचल्ल र बौद्ध राज्यधर्म

तत्कालीन कर्णाली प्रदेशमा दक्षिणतिरको श्रावस्ती जेतवन त्यस्तै कास्मीर र उत्तरतिरको भोट (तिब्बत)को बुद्धधर्मबाट प्रभाव परेको थियो ।



Downloaded from http://dhamma.digital/

त्यसबेलाका राजाहरूले आफू गौरवान्वित हुन विभिन्न स्तरका बौद्ध विशेषणहरू प्रयोग गर्ने गर्दथे । यसबाट "काँक्रेविहार" निर्माण गर्नुहुने




खसिया बौद्ध राजा क्राचल्लदेखि अन्य चल्ल तथा पछिल्ला मल्ल नाउँमा प्रसिद्ध चल्ल राजाहरू पनि अछुटो रहन सकेन ।

आफूलाई *"परम सौगत बुद्धका ठूला उपासक"*, *"दानशीलपरायण"* आदि लेखाई बुद्धधर्मको आदर्शमा आस्था राख्ने राजा क्राचल्ल बुद्धधर्मानुयायी थिए । उनी कर्णाली प्रदेशका खस राजा थिए । *अशोकचल्लको अभिलेखमा* उनलाई *"खसदेशराजाधिराज"* भनिएको, नेपाल–उपत्यकाका बासिन्दाहरूले पनि कर्णालीप्रदेशका यी राजाहरूलाई 'खसिया राजा' भनिएको र *गोपालवंशावलीमा* पनि धेरै ठाउँमा यसको उल्लेख भएकोले क्राचल्ल आदि राजाहरू खस हुन् भन्ने कुरा सिद्ध हुन्छ । क्राचल्ल, अशोकचल्ल, आदित्य मल्ल, पुण्य मल्ल, पृथ्वी मल्लहरूलाई परमसौगत (बुद्धका ठूला उपासक), *प्रवरमहायानयायिन* (असल महायान संप्रदायका अनुयायी), हेवज्रपादपद्म परिचर्या परायण (हेवज्रका चरणकमलमा सेवा गर्न परायण), श्रीघरानाधानाधिगत प्राज्यपादपद्मरक्षाक्षम (बुद्धका आराधना गर्नाले विशाल राज्यको रक्षा गर्न



Downloaded from http://dhamma.digital/

समर्थ) आदि भनिएका ले कर्णालीप्रदेश खस-अधिराज्यको राज्यधर्म बुद्धधर्म नै थियो भन्ने स्पष्ट देखिन्छ । यहाँका सामन्त-भारदारहरू, राजगुरुसहित जनताहरू पनि बुद्धधर्मानुयायी नै थिए । अझ त्यसबेला नाम चलेका *सउना कार्की, यशो बर्मा, देव बर्मा, मलय बर्मा* जस्ता भारदार र सामन्तहरूको बुद्धधर्मप्रतिको आस्था र बुद्धोपदेश अनुयायी चरित्र यसको ऐतिहासिक प्रमाण हो ।



ऐतिहासिक बौद्ध स्मारक कांक्रेविहारमा छरिपुष्ट देखिने यी भग्नावशेषहरू

शकसंवत् ११४५ को बालेश्वर मन्दिरमा प्राप्त राजा क्राचल्लको अभिलेखमा राजा नागराजले खडा गरेर गएको राज्यलाई क्राचल्लले झन् मजबूत पारेको कुरा उल्लेख छ । साथै तत्कालीन कालको केही झलक पनि यस अभिलेखबाट झल्किन्छ । यस उसले, कर्णाली प्रदेशको राज्य खडा गर्ने श्रेय राजा नागराजलाई रहेको छ भने राज्यलाई अझ उन्नति, विकास र सम्वर्द्धन तथा मजबूत पार्ने कार्य राजा क्राचल्लले गरेको कुरा उक्त अभिलेखले प्रष्ट गर्दछ ।

## बुद्धधर्मको प्रमुख आश्रयस्थान : कर्णालीप्रदेश

हाम्रो देश नेपालमा सन्तुलित क्षेत्रीय विकासको प्रक्रियालाई सुदृढ गर्न वि.सं. २०२९ र वि.सं. २०३८ गरी दुइपटकमा सम्पूर्ण नेपाल अधिराज्यलाई ५ विकासक्षेत्रमा विभाजन गरेको थियो । त्यस्तै, यो देश १४ अञ्चल र ७५ जिल्लामा छुट्याइएको छ । देशमा छुट्याइएका ती



Downloaded from http://dhamma.digital/

क्षेत्रहरूमध्ये क्षेत्रफलका हिसाबले सबैभन्दा ठूलो र कम जनघनत्त्व तथा थोरै जनसंख्या भएको अञ्चल नै कर्णाली हो । एकताका यो कर्णाली प्रदेशमा नेपालकै सपूत राष्ट्रिय विभूति भगवान् बुद्धद्वारा प्रतिपादित नेपाल तथा नेपालीमात्रकै आफ्नै मौलिक धर्मको रूपमा रहेको बुद्धधर्म निक्कै फैलिएको थियो । अझ त, यो क्षेत्र बुद्धधर्मको प्रमुख आश्रयस्थान नै बनेको थियो ।

विक्रमको बाऱ्हौं शताब्दिको प्रारम्भतिर कर्णाली प्रदेशमा 'सिञ्जा' लाई राजधानी बनाएर नयाँ राज्य खडा गर्ने राजा नागराज थिए । उनी तिब्बतबाटै आएका बौद्ध धर्मावलम्बी थिए । गढवाल बाराहाटको एउटा मूर्तिमा फेला परेको अभिलेखमा तिब्बती भाषा र लिपिमा लेखिएको "भट्टारक नागराज मुनिको (कृति)" भन्ने उल्लेख गरिएको छ भने अभिलेख बुद्धमूर्तिमा पनि अंकित छ । यसैबाट नागराज र उनका उत्तराधिकारीराजाहरू चाप, चापिल्ल, क्राशिचल्ल, क्राधिचल्ल, क्राचल्ल, अशोकचल्ल आदि बुद्धधर्मका ठूला अनुयायी थिए भन्ने कुरा देखाउँदछ ।

विक्रमको तेऱ्हौं शताब्दीतिर भारतमा मुसलमानहरूको ठूलो आक्रमण भएको थियो । त्यसबेला आक्रमणकारीहरूको आक्रोशले बौद्ध विहारहरूसमेत नष्ट-ध्वस्त पारेर गए । बौद्ध विहारमा बस्ने बौद्ध विद्वान्हरू यताउता छरिन पुगे । यसै क्रममा बौद्ध विद्वान्हरू तथा बुद्धधर्मले नेपाल-उपत्यकामा आश्रय पायो । त्यस क्षेत्रमा एक बौद्ध केन्द्र कायम भयो । त्यस्तै, ती छरिएका भारतीय बौद्ध विद्वान्हरूलाई कर्णालीप्रदेशले पनि आश्रय प्रदान गऱ्यो । परिणामतः त्यहाँ पनि एक महत्त्वपूर्ण बौद्ध केन्द्र स्थापना भयो । यसरी कर्णालीप्रदेश एक बौद्ध केन्द्र भएको पुष्टि अशोकचल्ल आदि राजाहरूको अभिलेखबाट ज्ञात हुन्छ ।

कर्णालीप्रदेशको सिञ्जा लामाथाडा गुफामा पाइएका स-साना माटाका चैत्यले लिच्छविकालको अन्तिम समयतिरसम्म यहाँ बुद्धधर्मको प्रवेश राम्ररी भइसकेको छ भनी देखाउँछ । यहाँ पाइएका त्यसबेलाका माटाका साना चैत्यहरूमध्ये एकथरीमा पछिल्लो लिच्छविलिपि कुँदिएको मा बौद्ध श्लोक "ये धम्मा हेतु प्रभवा" जस्ता पाइएको छ । यसबाट




Downloaded from http://dhamma.digital/

लिच्छविकालतिर नै यहाँ बुद्धधर्मको जरो गाडेको देखिन्छ भने मध्यकालमा आएर कर्णालीप्रदेश बुद्धधर्मको प्रमुख आश्रयस्थान नै बन्न पुगेको बुझिन्छ ।

## राजा क्राचल्लको शासनकाल : बुद्धधर्मको मुख्य विकास युग

राजा क्राचल्लको राज्यारोहण इ. १२०७ मा भएको देखिन्छ । उनले कम्तीमा सोह्र वर्ष शासन चलाए । तिब्बतको वंशावलीअनुसार उनले सुनको मैत्रेय र मन्जुश्रीका मूर्तिहरू बनाई चढाएको उल्लेख छ । कर्णाली प्रदेशमा



हाम्रो टोलीको दृष्टिमा कैद काँक्रेविहारको यी बुद्ध आकृतिहरु

राजा क्राचल्लको पालादेखि तिथिमितिसहितको स्पष्ट इतिहास पाएको छ । क्राचल्लकै कालदेखि कर्णालीप्रदेशमा उनले आफूलाई सोझै 'बौद्ध राजा' घोषणा गरेको कुरा स्पष्ट छ । कुमाउँ बालेश्वर मन्दिरको ताम्रपत्रमा राजा क्राचल्ललाई "जिनीकुल कमलका दिवाकर" भनिएको छ । "जिनीकुल" मा 'जिनी' शब्द 'जिन' (बुद्ध) शब्दको तत्कालीन रूप हो । यसको अर्थ हो - "बुद्धकुल कमलको सूर्य" । क्राचल्ल बुद्धधर्मावलम्बी भएकैले आफ्नै कुललाई उनले 'जिनीकुल' भनेको हुनसक्ने कुरा इतिहासविद्हरू भन्दछन् । यो ताम्रपत्र ज्यादै महत्त्वपूर्ण ऐतिहासिक प्रमाणयुक्त अभिलेख पनि हो । राजा क्राचल्लका पूर्वजदेखि बुद्धधर्मानुयायी हुँदा पनि उनको समयसम्म आइपुग्दा बुद्धधर्म व्यापकरूपमा फैलिएको कुरा




Downloaded from http://dhamma.digital/

राजा स्वयंले आफूलाई 'बौद्ध' घोषणा गरेबाट थाहाहुन्छ । उनको समयमा आइपुगेर कर्णालीप्रदेश खसराज्य बुद्धधर्मको गढकैरूपमा प्रतिस्थापित भइसकेको थियो ।

## बुद्धगयाको प्रतिकृति बौद्धस्मारक "काँक्रेविहार"

तत्कालीन समयमा कर्णाली क्षेत्र वा सिञ्जा दुल्लूदेखि बोधगयासम्मको यात्रा गर्नु पक्कै सहज थिएन । अपितु तिनीहरू कर्णाली नदीको छेउछेउ हुँदै श्रावस्तीतिर भएर बोधगया अथवा कपिलबस्तु लुम्बिनी भएर बोधगया (बुद्धगया) पुग्थे । ती व्यक्तिहरू, जुनले यात्रा गरे, बुद्धगयाको अनुपम बौद्धस्मारक देवल देखेर न कि अचम्भित भए, बल्कि प्रसन्न पनि भए । तिनीहरू आ-आफ्नो ठाउँमा फर्केर बुद्धगयाकै प्रतिकृति देगलहरू प्रशस्त निर्माण गर्न थाले, जसलाई साँस्कृतिक सर्वेक्षणातिर विहंगम दृष्टि दिन नसक्ने किंवा संकीर्ण संस्कृतिको स्वार्थमा लागेर पंचदेवल भन्ने गरेको छ । माटाको टोकनमा


बुद्धले बोधिज्ञान प्राप्त गरेको स्थानमा निर्मित बुद्धगयाको अनुपम बौद्ध स्मारक



Downloaded from http://dhamma.digital/

पाइएका बुद्धगयाको प्रतिकृति अर्थात् पाँचवटा शिखर शैली चैत्य कयौं बीचमा शिखर शैलीको ठूलो चैत्यमा बुद्धको प्रतिमूर्ति भएको यथार्थता र त्यस माटाको टोकनमा प्रसिद्ध बौद्ध श्लोक भएको ले पनि यस कुरालाई प्रमाणित गर्दछ । यसैक्रममा राजा क्राचल्लले आफ्नो राज्यमा उन्नत बौद्ध कलाकृति एवं बुद्धका प्रतिमाहरूले सुसज्जित अनुपम बौद्ध स्तूप 'काँक्रेविहार' को निर्माण गरेको हुनसकिन्छ ।


अशोक स्तम्भ सहित बुद्धगयाको अनुपम बौद्ध स्मारकमा लेखक

बौद्धस्मारक 'काँक्रेविहार' को निर्माणशैली एवं शिखरशैली आदि सबै बुद्धगयाको अनुपम बौद्धस्मारक देवलकै प्रतिकृति थिए । यसअलावा पनि प्राचीन कर्णालीक्षेत्रभित्र थुप्रै बौद्ध स्मारकहरू फैलिएर रहेका छन् । तीमध्येमा धेरै बुद्ध, मैत्रेय, लोकेश्वर, तारा र योगिनी आदि देवदेवीका मूर्तिहरू पनि छरिपुष्ठ भेटिन्छन् । अछाम, कालिकोट, दैलेखबजार, बेलासपुर आदि क्षेत्रका चारैतिर स-साना शिखरशैलीका देवल भएका थुप्रै बौद्ध स्मारकहरू अझ


उपत्यकाको पाटनमा अवस्थित बुद्धगयाको अनुपम बौद्ध स्मारकको प्रतिकृति



Downloaded from http://dhamma.digital/

धेरै भेटिन्छन् । निःसन्देह यी देवलहरू बुद्धगयाकै प्रतिकृति हुन् भन्नेकुरा सिंजा लामाथाडामा पाइएका माटाका चक्काहरूबाट प्रमाणित गरेको छ । नेपाल उपत्यकाको पाटनमा पाइने बौद्धस्मारक "महाबौद्ध" पनि बुद्धगयाकै प्रतिकृतिको ज्वलन्त नमूना-उदाहरणको रूपमा अद्यावधि यथावत् रहेको कुरा हामीले कदापि भुल्नु हुँदैन ।

## "काँक्रेविहार" बुद्धगयाको प्रतिकृति बौद्धस्मारक नै हो

कर्णालीप्रदेशको ऐतिहासिक अध्ययन, खोज र अनुसन्धान गर्ने इतिहासकार एवं पुरातत्त्वविद् विभिन्न विद्वान्हरूले गरेका थिए । ती विद्वान्हरूमध्ये डा. सूर्यमणि अधिकारी पनि एक विद्वान् हुन् । "पश्चिम नेपालको खश अधिराज्य" कृतिअन्तर्गत 'समाज र संस्कृति' (पृ.९६) मा डा. सूर्यमणि अधिकारी


ऐतिहासिक बौद्ध स्मारक काँक्रेविहार परिसरमा छरिएका भग्नावशेषहरू

यसरी लेख्नुहुन्छ - "१३१३ इ. मा सुर्खेतबाट सारेर लगिएको 'अभिसमयालंकार' नामक एउटा हस्तलिखित बौद्ध ग्रन्थ भोटको स्पोनकाङ्ग



Downloaded from http://dhamma.digital/

गुम्बाबाट प्राप्त भएको छ । सुर्खेतमा प्राप्त शाके १२१४ (इ. १२९२) को आमासाहू र रूद्रादेवीको शिलालेख र त्यहाँकै वीरेन्द्रनगरमा प्राप्त बुद्ध, मैत्रेय, लोकेश्वर र ताराका सुन्दर मूर्तिहरूका साथै अन्य भग्नावशेषहरूबाट मध्यकालको पूर्वार्धमा सुर्खेत उपत्यकामा उच्चकोटीको सभ्यता विकसित भएको थियो र काँक्रेविहार बौद्ध धर्मको प्रसिद्ध केन्द्र मानिन्थ्यो भन्ने स्पष्ट हुन्छ ।" प्रष्ट छ, इतिहास साक्षि छ, काँक्रेविहार बुद्धगयाको प्रतिकृति बौद्ध स्मारक हो, बौद्ध धर्मको प्रसिद्ध केन्द्र हो ।

## खसराज्य र राजाहरू : संक्षिप्त अध्ययन

कर्णालीप्रदेशका खस राजाहरू बौद्ध थिए । समूचा खसराज्य बुद्धधर्ममा केन्द्रित भएको कुरा इतिहासबाट स्पष्ट छ । त्यस क्षेत्रका अधिकांश जनताहरू, सामन्तहरू, भारदारहरू, राजगुरु तथा नाम चलेका विद्वान्हरू पनि बुद्धधर्मका अनुयायी बौद्ध थिए । बुद्धधर्मप्रतिको आस्था र श्रद्धाले राजा तथा प्रजाहरूबाट बुद्धधर्मको प्रचार एवं धार्मिक अनुष्ठानका लागि अनेक चैत्य, स्तूप, विहार, गुम्बा, स्तम्भ (पिलर) लगायतका बौद्ध बास्तुकला र उन्नत कलाकृतिहरूले सुसज्जित बौद्ध स्मारकहरू निर्माण गर्दथे । राजाहरूले सोझै आफूलाई 'बौद्ध' घोषणा गर्दथे भने खसराज्यधर्म नै बुद्धधर्म हुन्थे । हिन्दू ब्राह्मणहरूलाई प्रदान गरिएका भूमिदानसम्बन्धी दानपत्रका लेखक पनि ब्राह्मण हुन्थे किन्तु ती दानपत्रका साक्षिका रूपमा बौद्ध त्रिरत्न अथवा बुद्ध, धर्म र संघलाई राखिएको हुन्थ्यो । यहाँ, केही नाम चलेका खसराजाहरूको संक्षिप्त चर्चा प्रस्तुत गरिन्छ ।

## राजा नागराज

कर्णालीप्रदेशमा विक्रमको बाऱ्हौं शताब्दीको प्रारम्भतिर नयाँ राज्य खडा गर्ने पहिलो राजा नै नागराज थिए । उनी तिब्बतबाट नेपाल पसेका एक बौद्ध धर्मावलम्बी थिए । गढवालको एक बुद्धमूर्ति अंकित अभिलेखमा "भट्टारक नागराज मुनिको (कृति)" भनी उल्लेख गरिएको छ । राजा नागराज मात्र बौद्ध धर्मानुयायी थिएन, अपितु उनका उत्तराधिकारीहरू चाप, चापिल्ल, क्राशिचल्ल, क्राधिचल्ल, क्राचल्ल, अशोकचल्ल आदि सबै बुद्धधर्मका ठूला अनुयायी रहेको कुरा गढवालकै अभिलेखबाट स्पष्ट गर्दछ ।



Downloaded from http://dhamma.digital/

## राजा क्राचल्ल

कर्णालीप्रदेशका सुप्रसिद्ध एवं महत्त्वपूर्ण राजामा क्राचल्लको नाम अग्रपंक्तिमा आउँछ । उनले अनुपम शिखरशैलीका देवल 'काँक्रेविहार' जस्तो बौद्धस्मारक बनाएका थिए । आफूलाई "परम सौगत बुद्धका ठूला उपासक", "दानशीलपरायण" आदि विशेषण लेखाई बुद्धधर्मप्रति श्रद्धा र आस्था राख्ने राजा क्राचल्ल बुद्धधर्मानुयायी थिए । कम्तीमा १६ वर्ष राज्य चलाउने क्राचल्लको राज्यारोहण इ. १२०७ मा भएको देखिन्छ । तिब्बतको वंशावलीमा उनले सुनको मैत्रेय र मन्जुश्रीका मूर्तिहरू बनाई चढाएको उल्लेख छ । कुमाउँ बालेश्वरको मन्दिरमा पाइएको ताम्रपत्रमा उनलाई "जिनीकुल कमलका दिवाकर" भनिएको छ । कर्णालीप्रदेशमा उनको पालादेखि तिथिमिति सहितको स्पष्ट इतिहास पाएको छ भने आफूलाई सोझै "बौद्ध राजा" घोषणा पनि प्रथमतः उनले नै गरेको देखिन्छ । राजा क्राचल्लका पूर्वजदेखि बौद्धधर्मानुयायी हुँदा पनि उनको समयसम्म आइपुग्दा कर्णालीप्रदेशका खसराज्य बुद्धधर्मको एक केन्द्र वा गढकैरूपमा प्रतिस्थापित भइसकेको थियो ।

## राजा अशोकचल्ल

क्राचल्लपछिका उत्तराधिकारी राजा अशोकचल्ल सहनशीलता फैलाउनमा प्रख्यात थियो । उनले आफूलाई "अभिनवबोधिसत्त्वावतार" (बोधिसत्त्व चरित्रको अनुसरण गरेका), "प्रवरमहायानयायीनः परमोपासकस्य" (असल महायान सम्प्रदायका अनुयायी ठूला उपासक), "हेवज्रचरणारविन्दमकरन्दमधुकर" (हेवज्रका पाउरूपी कमलका धूलाका भ्रमरा जस्ता भएका) आदि भनी विशेषण लेखाएर बुद्धधर्मका शुद्ध अनुयायी भएको सिद्ध गरे । काश्मीरका बौद्ध विद्वान् भिक्षु गुचपथीले उनको दरबारमा आश्रय पाएका थिए । बुद्धगयाको पहिलो अभिलेखमा अशोकचल्लले भदन्त गुचपथी, राजगुरु पण्डितकाश्मीर, शंकरदेव आदि भारदार पठाएर बुद्धगयामा विहार बनाउन लगाई बुद्धको प्रतिमा स्थापना सहित महाबोधिको पूजा चलाउने व्यवस्थासमेत मिलाएको देखिन्छ । बुद्धभूमि हाम्रो देशबाट बौद्ध संवेजनीय स्थान बुद्धगयामा बौद्ध विहार बनाई पुण्यमय कृति राखेको यही पहिलो स्मरणीय घटना थियो ।



Downloaded from http://dhamma.digital/

हालसम्म फेलापरेका नेपाली अभिलेखहरूमा हुम्ला जिल्लाको रेलिङ गुम्बामा प्राप्त १३१२ को अशोकचल्लको प्रशासनिक ताम्रपत्रलाई नै पनि प्राचीनतम मानिआएको देखिन्छ । अशोकचल्लका बाबु क्राचल्लका पालाको अभिलेख पनि पाइसकेको दाबी गरिएको छ किन्तु यो अभिलेख अझै स्पष्ट प्रकाशमा आउन नसकेको कुरा "नेपाली साहित्यको संक्षिप्त इतिहास" पुस्तकका लेखकद्वय डा. दयाराम श्रेष्ठ र प्रा. मोहनराज शर्मा अघि सार्नुहुन्छ । स्मरणीय छ, दुल्लूको विजयस्तम्भका आडमा रहेको शिलास्तम्भमा खोपिएको राजा दामुपालका समयको सउँपाल अडै लिखित १०३८ को अभिलेख हाल प्रकाशनमा आएको छ तर यस अभिलेखको प्रमाणिकता सिद्ध हुनचाहिँ बाकी नै देखिन्छ । यस उसले, हाललाई एक बौद्ध राजा अशोकचल्लको १३१२ को अभिलेखलाई नै सर्वप्राचीन अभिलेखको रूपमा मानिआएको छ ।

यस अलावा पनि, भेरी अञ्चलको दैलेख जिल्लाअन्तर्गत दुल्लूस्थित ज्वालाजी मन्दिरको उत्तरवर्ती खोलाको भीरमा प्राप्त अशोकचल्लका पालाको वि.सं. १३१७-१३२७ अवधिको कर्क्यानीको शिलापत्र पनि प्रकाशमा आएको छ ।

## राजा जितारि मल्ल

अशोकचल्लका उत्तराधिकारी राजा जितारि मल्ल हुन् । उनले अन्तको 'चल्ल' लाई 'मल्ल' को रूपमा प्रतिस्थापन गरेको देखिन्छ । उनले तीनपटकसम्म नेपाल-उपत्यकामा आक्रमण गर्न आएको वर्णन गोपालवंशावलीमा उल्लेख छ तर नेपाल-उपत्यकामा स्वयम्भू बुंगमतीको रातो मछिन्द्रनाथको दर्शन पूजन गरी फर्केको ऐतिहासिक प्रमाणयुक्त घटनाले बुद्धधर्मप्रति उनको आस्था छर्लंग्याउँछ ।

## राजा रिपु मल्ल

रिपु मल्ल राजाले लोकनाथको पाउको ध्यानसम्बन्धी सबै अर्थ (मनोकामना) सिद्ध हुने 'लघुरत्नत्रय' भन्ने ग्रन्थ लेखेको कुरा सिञ्जा सेताको अभिलेखमा पाइएको छ । सिञ्जाबाट नेपाल-उपत्यकामा आउँदा वा जाँदा बुद्धधर्मको परम पावन तीर्थस्थल लुम्बिनी र कपिलबस्तुको पनि



Downloaded from http://dhamma.digital/

उनले तीर्थयात्रा गरेका थिए । एक पुष्पिकावाक्यअनुसार सम्बत् १३७० मा सुरक्षेत्र (सुर्खेत) मा राजराजेश्वर लोकेश्वर श्री रिपु मल्लको राज्यमा सारिएको 'अभिसमयालंकार' पुस्तक भोटको एउटा गुम्बामा पाइएको छ । अतः त्यसबेला सिंजा, दुल्लू र सुर्खेतमा धर्मग्रन्थ सारिने विद्वान्हरू भएको देखिन्छ । त्यस्तै खस- राज्यमा सूत्रधर (सुत्तधर) अर्थात् बुद्धधर्मका सूत्रहरू कण्ठ गरेर संरक्षण गर्ने परम्पराका बौद्धहरू पनि विद्यमान भएको देखिन्छ । रिपु मल्लले मछिन्द्रनाथलाई महास्नान गराएको, स्वयम्भूमा ठूलो पूजा गरी भोज खुवाएको, लुम्बिनीको अशोकस्तम्भमा आफ्नो नाम अंकित गरेको आदि धार्मिक कार्यहरूद्वारा बुद्धधर्मप्रतिको आस्था र विश्वास के-कति छ भन्ने यथार्थ कुरा छर्लंग पार्दछ ।

## राजा आदित्य मल्ल

कर्णालीप्रदेशका खस मल्ल राजाहरूमा आदित्य मल्ल पनि बुद्धधर्मप्रति अति श्रद्धा हुने एक राजा थिए । राजा आदित्य मल्ल बालककालमा भोटको शाक्यमठमा गई भिक्षु बनेको कुरा भोटको बंशावलीमा उल्लेख छ । आदित्य मल्ल र पुष्प मल्लले गोर्खा नजिकै ताघवाई गुम्बाका लामाहरूको पूजा पाठमा विघ्न नपरोस् भनी कडा सुरक्षात्मक व्यवस्था बाँधिदिएका थिए । राजा आदित्य मल्लको १३७८ को ताम्रपत्र गोर्खा जिल्लाअन्तर्गत साम्दू गाउँको गुम्बामा पाइएको थियो ।

## राजा प्रताप मल्ल

आदित्य मल्ल पछिका उत्तराधिकारी राजा प्रताप मल्ल भए । उनी आदित्य मल्लका नाति थिए । उनी केही समयसम्म प्रतापी राजा पनि कहलाए । उनी बुद्धधर्मप्रति धेरै श्रद्धा र आस्था हुने एक अलग्ग किसिमको राजा थिए । अझ उनी यतिसम्म धर्मपरायण थिए कि प्रतापी राजा हुनुभन्दा बरु भिक्षु हुन रोजे । यसैको साथ नागवंश टुंगिन्छ ।

## राजा पुण्य मल्ल

त्यसपछिका सायद नयाँ खसवंशका प्रथम राजा पुण्य मल्लले पनि आफूलाई "श्रीघरानाधनाधिगतप्राज्यराज्यरक्षाक्षम" अर्थात् बुद्धको



Downloaded from http://dhamma.digital/

आराधनाले पाएको ठूलो राज्य रक्षा गर्न समर्थ भएका र परम सौगत बुद्धका ठूलो उपासक भनेका छन् । यसअलावा पनि राजा पुण्य मल्लको प्रशस्तिमा उहाँलाई धर्म र नीतिशास्त्रमा सिपालु आदि पनि भनेका छन् । शाकेसम्वत् १२५८ को एक कनकपत्रमा पुण्य मल्लले चन्द्रसूर्यसँगै बुद्ध, धर्म र संघलाई साक्षिरूपमा उल्लेख गरेको छ । वि.सं १३९३ को मिति अंकित




राजा पुण्य मल्लको ताम्रपत्रमा पनि बुद्धदर्शनले स्वीकारेका बुद्धगया, सारनाथ, लुम्बिनी र कपिलबस्तु जस्ता चारवटा पवित्र स्थानको साक्षी राखेको तथ्य स्पष्ट छ । यी यस्ता प्रसंगहरूबाट राजा पुण्य मल्लमा निहित बुद्धधर्मप्रतिको श्रद्धा र आस्था उजागर गरेको छ ।

## राजा पृथ्वी मल्ल

पृथ्वी मल्लको पालामा अछामको कुचीविहार, दुल्लू पाथरनाउली माथिका पञ्च चैत्य जस्ता प्रसिद्ध बौद्ध स्मारकहरू निर्माण गरेका थिए तर एउटा पनि हिन्दू मन्दिर बनाएको उल्लेख पाइएको छैन । हिन्दू ब्राह्मणलाई प्रदान गरिएका भूमिदानसम्बन्धी दानपत्रका लेखक पनि ब्राह्मण हुन्थे तर ती दानपत्रका साक्षीका रूपमा पनि बौद्ध त्रिरत्न अथवा बुद्ध, धर्म र संघलाई नै राखिएका हुन्थे । साक्षि भनेको वास्तवमा संस्कारगत दृढ विश्वासको प्रतीक हो । यो प्रतीक त्यस भेगमा सर्वस्वीकृत र सर्वव्यापक छ



Downloaded from http://dhamma.digital/

– बुद्ध, धर्म र संघ अथवा त्रिरत्नको रूपमा । वि.सं. १४१३ का राजा पृथ्वी मल्लको कनकपत्र आदि अभिलेखहरू कर्णालीप्रदेशको सिन्जामा पाइएका छन् ।

## अन्तिम खसराजा र राज्यको विखण्डन

कर्णालीप्रदेशमा नयाँ राज्य स्थापना गर्ने राजा नागराजदेखि खसराज्यको शासन प्रारम्भ भएर राजा अभय मल्लसम्म आइपुग्दा टुंगिन पुग्छ । राजा नागराजका अन्तिम उत्तराधिकारी तथा सिन्जाका सिंहासनमा बस्ने अन्तिम शक्तिशाली खसराजा अभय मल्लका रूपमा देखा पर्दछ । राजा अभय मल्लको वि.सं. १४४८ को ताम्रपत्र कर्णालीप्रदेशको दुल्लूमा पाइएको कुरा उल्लेख छ । उनको समयमा १४५० देखि पश्चिमको विशाल र शक्तिशाली सिन्जा साम्राज्य छिन्नभिन्न हुने विघटनको प्रक्रिया प्रत्यक्षतः शुरू हुन्छ । परिणामतः कालान्तरमा कर्णालीप्रदेश बाईसी राज्य र गण्डकीप्रदेश चौबीसी राज्यमा टुक्रिन पुग्छ । सत्ताको विखण्डन र सानासाना राज्यहरूको स्थापनाको यो प्रक्रिया १९औं शताब्दीसम्म सम्पूर्ण नेपालमै कायम रहन्छ । यसप्रकारको ऐतिहासिक मोडले गर्दा राज्यधर्मको रूपमा स्वीकृत कर्णालीप्रदेशको बुद्धधर्ममा पनि विखण्डन हुनथाल्छ ।

## खसराज्यसँगै विस्थापित कर्णालीप्रदेशको बुद्धधर्म

नागराजदेखिका कर्णालीप्रदेश खस–राजाहरूको इतिहासबाट स्पष्ट हुन्छ, उनीहरू बुद्धधर्मावलम्बी, बौद्ध धर्मअनुयायी थिए । खसराज्यका राजा, भारदार र सामन्तहरू पनि बौद्ध धर्मका प्रबल अनुयायी थिए । खसराज्यका शासनकालमा कर्णालीप्रदेशमा बुद्धका प्रतीक एवं बौद्ध स्मारकहरू पनि थुप्रै निर्माण भए । बुद्धगयाको प्रतिकृतिका रूपमा थुप्रै चैत्य एवं शिखरशैलीका देवलहरू पनि निर्माण भए । खस अधिराज्यको राज्यधर्म बुद्धधर्म नै थियो । खसराज्यका अधिकांश शिलालेखहरूमा प्रसिद्ध बौद्ध मन्त्र “ओं मणि पद्मे हुँ” अंकित छ, जुन मन्त्र महायान सम्प्रदायका बौद्ध अनुयायीहरूले जप्दै धर्मचक्र (माने) घुमाउने गर्दछन् । किन्तु बिडम्बना ! खस राज्यको विघटनपछि पश्चिम नेपालमा बौद्ध धर्मको प्रभाव क्षीण हुँदै गयो । बाईसे चौबीसे राजाहरूले बुद्धधर्मको संरक्षणमा पूर्ववर्ती राजाहरूले जस्तै त्यतिको




Downloaded from http://dhamma.digital/

अभिरुचि देखाएनन् र कालान्तरमा बुद्धधर्मको प्रभाव उच्च हिमाली उपत्यकाहरूमा मात्र सीमित रहन गयो ।

## "काँक्रेविहार" भग्नावशेषमा परिणत

बौद्ध खसराजा क्राचल्लले निर्माण गरेको मध्यपश्चिमाञ्चलको एक बौद्ध केन्द्र 'काँक्रेविहार' विविध कारणहरूले गर्दा आज हामी सामु मात्र भग्नावशेषको रूपमा बाकी रहेको छ । ज्यादै भव्य एवं विशाल काँक्रेविहार




विभिन्न प्राकृतिक प्रकोपका कारणले, कर्णाली प्रदेशका खसमल्ल राजाहरूको विघटन र विखण्डित आदि कारणले पनि काँक्रेविहार भग्नावशेषमा परिणत भएको देखिन्छ । अर्कोतिर, उन्नत बौद्ध बास्तुकला, बौद्ध कलाकृति एवं बुद्धआकृतिहरूले सुसज्जित ज्यादै राम्रो बुद्धगयाको प्रतिकृति बौद्धस्मारक काँक्रेविहार तथा विहार हातामा निर्मित मन्दिर आदि बाऱ्हौं शताब्दीपछि मुसलमानहरूको आक्रमणमा परी नष्ट भएको अनुमान इतिहासकार एवं पुरातत्त्वविद्हरू लगाउनुहुन्छ ।

यस बौद्धस्मारक 'काँक्रेविहार' को सामग्रीहरू अद्यावधि यत्रतत्र फैलिएर रहेका देखिन्छन् भने केही जमीनमुनि पुरिँदै गए, केही यताउता छरिएर टुट्दै फुट्दै नष्ट हुँदै हराउँदै पनि गए । अपितु जमीनमा देखिएका,




Downloaded from http://dhamma.digital/

अलपत्र छरिएका बुद्धका ठूला साना मूर्तिहरू, धर्मचक्र अंकित गोलाकार ढुंगाहरू, ठूल्ठूला शीलास्तम्भहरूमा कुँदिएका बौद्ध कलाकृति एवं बुट्टाहरू देख्दा बौद्धस्मारक काँक्रेविहारको अविलम्ब संरक्षण, सम्बर्द्धन र पुनर्निर्माण गर्नुपर्ने धारणा जो कसैको मनमा पनि सहजै पलाउँछ । अनि, ऐतिहासिक महत्त्व बोकेको, तत्कालीन मध्यपश्चिमाञ्चलको एक बौद्ध केन्द रहेको अनुपम बौद्ध देवल 'काँक्रेविहार' भग्नावशेषको रूपमा हामी सामु ङिच्च उभिँदा बुद्धभूमि नेपाल र हामी नेपालीबाट केही गर्न नसकेको मा हीनताबोधसँगै मनमा असीम दुःखको लहर छचल्किएर आउन थाल्छ । कस्तो हाम्रो बिडम्बना ! नेपाली मात्रको दुःखद बिडम्बना !

## भग्नावशेषको उत्खनन : एक चर्चा

केही समययता बौद्ध आस्थाको केन्द्रका रूपमा रहिसकेको 'काँक्रेविहार' को भग्नावशेषको उत्खनन कार्य थालिएको छ । यो एक किसिमले सुखद खबर हो किनकि यो देश बुद्धको जन्मभूमि हो । नेपालका सपूत,




राष्ट्रिय विभूति भगवान् बुद्धद्वारा प्रतिपादित बुद्धधर्म भन्नु नै वास्तवमा नेपालको धर्म हो, नेपालीहरूको आफ्नै धर्म हो, मौलिक धर्म हो । आफ्नो देशको मौलिक धर्म एवं सम्पदालाई संरक्षण गर्नु देशको गौरवको कुरा



Downloaded from http://dhamma.digital/

हो । उत्खननकार्यबाट त्यो बस्तु तथा स्थानको ऐतिहासिकता प्रष्टिन्छ, महत्त्व दर्शिन्छ अनि सही पहिचान हुन्छ । जबसम्म कुनै बस्तु तथा स्थानको सही पहिचान हुँदैन, तबसम्म त्यसको त्यति महत्त्व पनि हुँदैन । यसर्थमा, काँक्रेविहारको सही पहिचान हुनु, यसको ऐतिहासिकता एवं महत्त्व झल्किनु समूचा बुद्धभूमि नेपालकै गर्वको विषय मान्नुपर्छ ।

तर बिडम्बनाको कुरा हो, उत्खनन्कार्यमा जानुअघि नै 'काँक्रेविहार' भग्नावशेषमा शिव र बुद्धसँग सम्बन्धित प्रतीकहरू फेला परिसकेका ले काँक्रेविहार भनिएता पनि सो विहार प्राचीन मन्दिर हुनसक्ने कुरा पुरातत्त्व विभागका पुरातत्त्व अधिकृत अनुमान लगाइदिन्छन् । उत्खनन कार्य पूरा नहुँदै त्यहाँ विहारको अस्तित्त्व नै छैन भन्न पनि हिच्किचाउँदैनन् । ठूला बुद्धमूर्ति, बौद्ध कलाकृति र बुद्धधर्मसँग सम्बन्धित अन्य सामग्रीहरू छँदाछँदै पनि विवादास्पद समाचारलाई फैलाइरहेको मा एक किसिमले आश्चर्य-अचम्म लाग्छ भने अर्को किसिमले दुःख पनि लाग्छ ।


भग्नावशेषको उत्खननमा पाइएका बुद्ध आकृति

बुद्ध र बुद्धधर्ममा आस्थावान् राजा र प्रजाहरूले अनेक चैत्य, गुम्बा, विहारलगायतका बौद्धस्मारकहरू निर्माण गरेका थिए, जुनमा केही तिब्बती प्रभाव र केही काश्मिरी प्रभाव परेको पनि देखिन्छ । त्यसबेला महायान



Downloaded from http://dhamma.digital/

वज्रयान फैलिँदै गएको तथा काश्मिरबाट समेत कालीगढहरू आएर विहार, चैत्य आदि बनाउने काम गरेका ले तिनीहरूमा केही देवदेवीहरू अंकित हुनु कुनै आश्चर्यको कुरा होइन । महायान र वज्रयान पूजाविधिहरूमा समेत केही देवदेवीहरू आइरहने कुरा पनि सम्बन्धित क्षेत्रका धेरैलाई ज्ञातै छ । पवित्र काँक्रेविहारमा पनि पछि पछि अन्य मूर्तिहरूराखी पूजा-अर्चना गर्नसक्ने संभावना पनि उत्तिकै बलियो हुन्छ । कपिलवस्तु तथा देवदहहरूको धेरै ठाउँहरूमा यस्तै गरिसकेको र भइसकेको उदाहरण छ ।

बुद्धको जन्मभूमि लुम्बिनीको बुद्धमाता मायादेवीको मूर्ति "रूम्मिनीमाई" को नामले पूजा गर्दथे र त्यहाँ बलिसमेत चढाउँथे । पछि आएर "रूम्मिनीमाई" को वास्तविक पहिचान 'मायादेवी' रूपमा भएपश्चात् मात्र माई भनेर हिंसा गर्न निषेध भएको र मायादेवीको महत्त्व बढ्दै गएको कुरा सर्वविदितै छ । यस्तै अरू पनि थुप्रै बौद्ध स्मारकहरूको उचित पहिचानको अभावमा महत्त्वहीन अवस्थामा त्यसै थन्किरहेको सम्बन्धी पनि विषम विज्ञहरू धेरैलाई थाहै छ ।

अर्को कुरा, कुनै ठाउँको उत्खनन गर्नु नै ठूलो कुरा होइन । उत्खननबाट प्राप्त बस्तुहरूको सही मूल्यांकन र सही पहिचान गर्नसक्नु पनि ठूलो कुरा हो । ऐतिहासिक गौरवगान र महत्त्व सँगालेको, प्रामाणिक मध्यपश्चिमाञ्चलको एक बौद्ध केन्द्रको रूपमा रहेको, विभिन्न बौद्ध बास्तुकला, बौद्ध कलाकृति एवं बुद्धसँग सम्बन्धित प्रतिमाहरूले सुशोभित रहेको अनुपम बौद्धस्मारक 'काँक्रेविहार' को सही मुल्यांकन र सही पहिचान उत्खननकर्ता, पुरातत्त्वविद् एवं विज्ञ व्यक्तिहरूमा अवश्यमेव हुन्छ नै भन्ने ठूलो आशा गरिन्छ ।

## ऐतिहासिक बौद्ध स्मारक "काँक्रेविहार" मा हाम्रो भ्रमण

यसै पवित्र ऐतिहासिक महत्त्वको काँक्रेविहारको भग्नावशेषमा हामी, भ्रमणकर्ताहरू विशेषतः यस पंक्तिका लेखक, शान्तरत्न शाक्य, डा. केशवमान शाक्य, त्रिरत्न मानन्धर, सुदर्शना दर्शनधारी, शाक्य सुरेन, मदन तुलाधर, अनुबाबा आदि भ्रमणकै सिलसिलामा २०५६ कार्तिक १० गते पुगेका छौं । ज्यादै मनोरम र स्वच्छ वातावरणका मध्यस्थमा तारले बाँधिएर केहीमात्र सुरक्षा दिएको यो अतीत संस्कृतिको संस्मरणात्मक



Downloaded from http://dhamma.digital/

काँक्रेविहार अवलोकनले एक त खुशी लाग्यो, यस्तो पवित्र बौद्ध तीर्थस्थलमा पुग्यौं तर अर्कोतिर दुःख पनि लाग्यो, बुद्ध जन्मेको देशमा



ऐतिहासिक बौद्ध स्मारक कांक्रेविहारमा स्थानीय बासिन्दाकासाथमा हाम्रो टोली

बौद्धमात्रको यस्तो आस्था केन्द्रको रूपमा रहिसकेको अति राम्रो गौरवपूर्ण बौद्ध स्मारकमात्र भग्नावशेषको रूपमा यताउती छरिएर रहेका छन् । मनमा असीम दुःखका लहर छचल्काएर पनि हामी मात्र टोलाइरहन बाध्य थियौं- मात्र टोलाइरहन ।

## 'काँक्रेविहार' मा हाम्रो बुद्ध-पूजा

'काँक्रेविहार' को गौरव र इतिहास बोधपछि हामीभित्र श्रद्धा जाग्यो, आस्था पलायो । हामीले बौद्ध परम्पराअनुसार त्रिरत्नका अनन्त गुण स्मरण गरी बुद्धले बोधिज्ञान प्राप्त गर्नुभएको बुद्धगयाकै प्रतिकृति 'काँक्रेविहार'को भग्नावशेषमा बुद्धपूजा सम्पन्न गऱ्यौं । यत्रतत्र छरिएर रहेका एक-एक भग्नावशेषमा निहित बौद्ध कलाकौशल, बुद्धका आकृतिहरू, उन्नत बौद्ध बास्तुकला आदि दृश्यावलोकन गऱ्यौं । एउटा सानो तारको डोरीले चारैतिर बाँधेर खुकुलो संरक्षण गरिएको काँक्रेविहारको भग्नावशेषहरूलाई हामीले ३ चोटि परिक्रमा गऱ्यौं, भित्री हृदयले ती बौद्ध स्मारकका भग्नावशेषलाई वन्दना (=नमस्कार) गऱ्यौं । धेरै समयसम्म



Downloaded from http://dhamma.digital/

हामीले उक्त काँक्रेविहारको भग्नावशेषस्थलमा व्यतित गरिसकेपछि पुनः हाम्रै गन्तव्यस्थलतिर हामी पुनरागमन भयौं । अनिच्छाका बावजुद पनि त्यो



सुर्खेतको ऐतिहासिक एवं पुरातात्त्विक बौद्ध स्मारक काँक्रेविहारमा हाम्रो टोलीबाट बुद्धपूजा गरिंदै

बौद्ध श्रद्धा र आस्थाको केन्द्र काँक्रेविहारलाई प्रत्येक आँखामा, हृदयको गहिराइमा अमिट छाप राखी उक्त पवित्र स्थलबाट टाढियौं ।

सूर्योदयदेखि सूर्यास्तभित्र चर्मचक्षुमा कैद तत्कालीन सुर्खेत नगरीको भ्रमण, सफलतम बौद्ध जागरण शिविर र बुद्धधर्मको प्रतिनिधित्व गरिराखेको ऐतिहासिक काँक्रेविहार आँखामा नचाउँदै, हृदयभरी अनन्त श्रद्धा बोकी त्यहाँबाट काठमाडौं फर्केको कुरा अद्यावधि पनि अकल्पनीय आनन्द र सन्तुष्टिले सम्झना हुन्छ ।

## उपसंहार

एउटा सच्चा बौद्ध धर्मानुयायी परम सौगत राजा क्राचल्लले निर्माण गरेको एउटा ठूलो बौद्ध देवल काँक्रेविहार हो, बुद्धगयाको एक प्रतिकृति । उन्नत बौद्ध कलाकृति र बुद्ध आकृतिहरूले परिपूर्ण अनुपम काँक्रेविहार विभिन्न कारणले, प्राकृतिक प्रकोपका कारणले, सायद कर्णालीप्रदेशका खस मल्ल राजाहरूको विघटन र विखण्डित भएको ले आजसम्म अक्षुण्णरूपमा खडा भइरहन सकेन तर पनि, काँक्रेविहारको वर्तमान अवशिष्ट विशाल भग्नावशेषले अतीतको अनुपम इतिहास र



Downloaded from http://dhamma.digital/

**संस्कृतिको गौरवमय गीत गुन्जाइरहेको छ। अझ पनि, यस काँक्रेविहारका बास्तुकलाका अवशेषहरू र काँक्रेविहारमा पाइएका मूर्ति र कलाकृतिहरूको राम्रोसँग अध्ययन गरेर पूर्वस्वरूपलाई सकभर अनुकरण गरी पुनः निर्माण गर्नसके यस बौद्धस्मारक देवलले कर्णालीप्रदेशको "बोरोबुदूर" अथवा "अंकोरवाद" स्वरूप लिई धर्म र संस्कृतिको मात्र उत्थान गर्ने होइन अपितु कर्णाली प्रदेशको पर्यतन विकासमा नै ठूलो सहयोग पुऱ्याउने कुरा सुनिश्चित छ।**

●●●

## आधार स्रोत


१) **"कर्णाली प्रदेशको ऐतिहासिक रूपरेखा"** (कर्णाली प्रदेश)

धनवज्र वज्राचार्य, सामाजिक अध्ययन समुदाय, २०२८ वि.सं.।

२) **कर्णाली प्रदेश (एक बिटो अध्ययन)**, सामाजिक अध्ययन समुदाय, जुम्ला, श्री भीमप्रसाद श्रेष्ठ (सं.), वि.सं. २०२८ माघ।

३) **"पश्चिम नेपालको खश अधिराज्य"**, डा. सूर्यमणि अधिकारी,

त्रिभुवन विश्वविद्यालय (ने.ए.अ. केन्द्र), कीर्तिपुर, वि.सं.२०५३ असार।

४) **"प्राचीन कर्णाली क्षेत्रको बौद्ध संस्कृति"**,

भिक्षु सुदर्शन महास्थविर र डा. केशवमान शाक्य,

**कार्यपत्र,** छैठौं राष्ट्रिय बौद्ध सम्मेलन, धर्मोदय सभा, वि.सं. २०५४ पौष।

५) **"जुम्ला राज्यको इतिहास"**, डा. सूर्यमणि अधिकारी,

त्रिभुवन विश्वविद्यालय (ने.ए.अ. केन्द्र), कीर्तिपुर, वि. सं. २०५५ बुद्धपूर्णिमा।

६) **"लुम्बिनी"** (पत्रिका), भिक्षु सुदर्शन (प्रधान सम्पादक), वि.सं. २०२९ माघ १४।




Downloaded from http://dhamma.digital/

७) **"काँक्रे विहार : प्राचीन बौद्धस्मारक हो"**,
तिलकमान गुभाजू धर्मचक्षु (द्वैमासिक पत्रिका),
वर्ष ५, अंक २, पूर्णाङ्क १०, आषाढ-श्रावण, २०५८ ।

८) **"नेपाली साहित्यको संक्षिप्त इतिहास"**,
डा. दयाराम श्रेष्ठ र प्रा.मोहनराज शर्मा,
साझा प्रकाशन, काठमाण्डौं, पाँचौं वि.सं.२०५६ ।

९) **"प्राथमिक र माध्यमिक नेपाली साहित्यको रूपरेखा"**,
राजेन्द्र सुवेदी, होम सुवेदी,
काठमाण्डौं: पाठ्यसामग्री प्रकाशन, प्रथम संस्करण २०५५ वि.सं. ।

१०) **"काँक्रेविहार रहेका नगर-सुर्खेत"**, भिक्षु संघरक्षित
धर्मोदय (अर्ध बार्षिक), बि.सं. २०५६ साल ।

## मुल आधार स्रोत

❖ **"बौद्धहरूको आस्थाको केन्द्र काँक्रेविहार भग्नावशेष मात्र"** ,
भिक्षु संघरक्षित संघाराम,
**"नेपाल समाचारपत्र"**,२०५८ असार १५ गते शुक्रबार ।

## व्यक्तिविशेषबाट अन्तर्वाता स्रोत

१) **डा. केशवमान शाक्य,** स्थलगत भ्रमणका सन्दर्भमा
(प्रोजेक्टको सिलसिलामा वर्षौंदेखि सुर्खेतमा निवास गरिराखेका व्यक्ति)

२) **सुर्खेतका विद्वान् तथा स्थानीय व्यक्तिहरू,**
स्थलगत भ्रमणकै सिलसिलामा सुर्खेतमै संकलन गरिल्याएको ।

३) **प्रा. भिक्षु सुदर्शन महास्थविर**, श्रीकीर्ति विहार, कीर्तिपुर ।

●●●



Downloaded from http://dhamma.digital/

## प्रतिक्षा गर्नुहोस् !

हाम्रा प्रकाशनका नयाँ कृतिहरू चाँडै प्रकाशित हुँदैछन्,

**"भोजपुर - चैनपुरदेखि गुफापोखरीसम्म"**

*(यात्रा संस्मरण)*

**दस संयोजन (दसवटा बन्धन)**


## प्रकाशनका प्रतिक्षामा हाम्रा कृतिह

१. शीलधन (सप्तरत्न आर्यधनको दोस्रो धन)

२. लज्जाधन (सप्तरत्न आर्यधनको तेस्रो धन)

३. भयधन (सप्तरत्न आर्यधनको चौथो धन)

४. श्रृतधन (सप्तरत्न आर्यधनको पाँचौं धन)

५. त्यागधन (सप्तरत्न आर्यधनको छैठौं धन)

६. प्रज्ञाधन (सप्तरत्न आर्यधनको सातौं धन)

७. भिक्षु जीवन

८. बौद्ध संस्कृतिमा परित्राण

९. जीवनयात्रा (यात्रा संस्मरण संगालो)

१०. थेरवाद बौद्ध वाङ्मय सूची


*"थेरवाद बौद्ध वाङ्मय सूची" चाँडै प्रकाशित गर्ने मनसाय एवं तयारी रहेको सहर्ष जानकारी गराउँदै सबै लेखक, प्रकाशक तथा सम्बन्धित व्यक्ति, संघसंस्थाहरूले हामीसंग सम्पर्क राख्नुभई सहयोग गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं ।*



Downloaded from http://dhamma.digital/

# सत्यसन्देश प्रचारक प्रकाशनका अन्य प्रकाशित कृतिहरु





















ISBN No. : 99933-383-0-3

Downloaded from http://dhamma.digital/